अन्नपूर्ण पोस्ट



भिजिट नेपाल २०२० — हाम्रो हातेमालो

# पाखीबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पाखीबास, धनकुटा
## १ नं. प्रदेश

# मुगा खोलाको सुनबालुवा क्षेत्र (भालुखोप, साठीमुढे बेलबोटे र सुनबालुवा) बाट ढुङ्गा, गिटी, बालुवा र पुरुवा संकलन तथा बिक्री सम्बन्धी ठेक्का आव्हानको सुचना

(प्रथम पटक प्रकाशन मिति २०७६/८/१८)

यस नगरपालिकाका आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएको व्यवस्था बमोजिम नगरकार्यपालिकाको मिति २०७६/०८/१० गतेको निर्णय अनुसार आर्थिक वर्ष २०७६/७७ का लागि ठेक्कासम्बन्धी कागजातमा उल्लेखित शर्तमा यस नगर क्षेत्र भित्रका **मुगा खोलाको सुनबालुवा क्षेत्र (भालुखोप, साठीमुढे बेलबोटे र सुनबालुवा)** बाट नदीजन्य पदार्थ ढुङ्गा, गिटी, बालुवा र पुरुवा संकलन तथा बिक्रीसम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले उल्लेखित न्यूनतम ठेक्का अंकमा नघटने गरी ३० दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। सूचना प्रकाशन भएका मितिले तोकिएका म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनिहरुले ठेक्कासम्बन्धी कागजात E-bidding (www.bolpatra.gov.np/epg) को माध्यमबाट मात्र खरिद तथा पेश गर्न सकिनेछ।

| सि. नं. | आय ठेक्का नं. | ठेक्काका विवरण | न्यूनतम ठेक्का अंक भ्याट बाहेक | बोलपत्र फारम दस्तुर | बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिन मिति समय | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | PKBSMUN/ 2076/077/ NCB/ GOODS-01 | पाखीवास नगरपालिकाले तोकिदिएका क्षेत्र भित्र मुगा खोलाको सुनबालुवा क्षेत्र (भालुखोप, साठीमुढे बेलबोटे र सुनबालुवा) नदीबाट ढुङ्गा, गिटी, बालुवा र पुरुवा संकलन तथा बिक्री | रु ३१,३२,८६४।० (अक्षरेपी एकतिस लाख बत्तिस हजार आठ सय चौसठी मात्र) | बोलपत्र दस्तुर रु १०००।० | २०७६/९/१८ दिनको १२:०० बजे भित्र | २०७६/९/१८ दिनको २:०० बजे | रु. ८९,००० |

**शर्तहरु :**

१) इच्छुक योग्य बोलपत्रदाताहरुले E-Bidding मार्फत कागजात पेश गर्दा कम्पनी दर्ता प्रमाण पत्र, भ्याट (VAT) दर्ता प्रमाण पत्र र आ.व २०७५/७६ को कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न राखी तोकिएका बोलपत्र सम्बन्धी कागकाजका दस्तुर नगदै रु. १०००।० (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको नाममा एनआइसी एसिया, बैंक हिले शाखामा रहेका कोष खाता नं. 88CA502647524001 मा जम्मा गरी भौचर तथा माथि उल्लेखित गरिएका कागजात स्क्यान गरी पेश गर्नु पर्नेछ।

२) E-Bidding मार्फत बोलपत्र दाखिला गर्न बोलपत्रदाहरुले रु. ८९,०००।०० अक्षरेपी रु. उनान्नब्बे हजार मात्र धरौटी रकम नगदै भए वा यस कार्यालयका नाममा एनआईसि एसियाको धरौटी खाता नं. 88CA502647524003 हिले, शाखामा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ वा बाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयका नाममा जारी भएका १२० दिन म्याद भएका बिडबण्ड धरौटी स्वरुप पेश गर्नु पर्नेछ।

३) तोकिएका समय भित्र E-Bidding मार्फत पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्र दाता वा निजका प्रतिनिधिका रोहबरमा पाखीवास नगरपालिकाका कार्यालयमा मिति २०७६/९/१८ गते दिउसो २:०० बजे खोलिनेछ। सो समयमा बोलपत्रदाता वा निजहरुका प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४) बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसका भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम गरिनेछ।

५) बोलपत्र जसका नाममा खरिद गरिएको हो सोही फर्मको नाममा रकम दाखिला गर्नु पर्नेछ।

६) कुनै वा सबै बोलपत्र, पुरा वा आंशिकरुपमा स्वीकार गर्न वा अस्वीकार गर्न सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ।

७) ठेक्का रकम अग्रिम एकमुष्ट ६.५ प्रतिशत मु.अ.कर सहित बुझाउन पर्नेछ। एकमुष्ट रकम नबुझाउने भए ठेक्का रकमलाई पहिलो किस्ता ५० प्रतिशत, दोस्रो किस्ता ३० प्रतिशत र तेस्रो किस्ता २० प्रतिशतले र सो मा लाग्ने ६.५ प्रतिशत मु.अ.कर रकम समेत बुझाउनु पर्नेछ।

८) किस्ताबन्दी रुपमा रकम बुझाउँदा पहिलो किस्ता रकम ५० प्रतिशत सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ। त्यसपछि दुइ किस्ता मध्ये दोस्रो किस्ताको रकम सम्झौता भएको २ महिना भित्र ३० प्रतिशत र तेस्रो किस्ताको रकम चैत्र मसान्त भित्र २० प्रतिशत बुझाउनु पर्नेछ। साथै यसरी किस्ताबन्दीमा रकम बुझाउँदा ठेकेदारले ठेक्का कबोल गरेको अंकमा दोस्रो र तेस्रो किस्ताको रकम बराबरको जमानत बापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट सम्झौता अवधिसम्मको बैंक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नुपर्नेछ।

९) रोडा, ढुङ्गा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत नियमन तथा IEE सम्बन्धी प्रतिवेदन पालना गर्नुपर्नेछ। अनुगमन गर्दा कानुन र मापदण्ड बमोजिम कार्य गरेको नपाइएमा तत्काल कानून बमोजिम कारबाही गरिनेछ। यसरी उत्खनन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा यस न.पा. लाइ उपलब्ध गराउनु पर्नेछ।

१०) माथि उल्लेखित शर्तहरु बाहेक अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

११) अन्य कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क गरी बुझ्नसकिनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**